# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ५ संख्या :१ वैशाख २२, २०८२

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०१/२२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लागत साझेदारीमा छनौटमा परेको हुँदा जानकारी लिइ आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो । |
| ३ | ठूलाचौर राजा मोटर बाटो खन्ने क्रममा बहुँदी खोला तटबन्ध खेत कुलो पुरिएकोले करिव ४० मुरी धान फल्ने खेत रोपाइका लागि समस्या भएको हुँदा उक्त कुलो सञ्चालनका लागि आवश्यक रकम उपलब्ध गराइ दिनु हुन भनि सुन्तली खत्री, लोक बहादुर खत्री लगायतका व्यक्तिहरुले निवेदन पेश गरेको हुँदा  बहुँदी खोला तटबन्ध खेत कुलो संरक्षणका लागि रु. ५००००।– सिंचाई खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको आधारभूत अस्पताल लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय धनेन्द्रकार्कीबाट आधारभूत अस्पताल मिति २०८२/०१/२२ गते बिहान ११:०० बजे र  र ठूलाना आधारभूत स्वास्थ्य केन्द्र अपरान्ह २:०० गर्ने र सो कार्यक्रमलाई सबैजना उपस्थित भइ भव्य र सव्य तरिकाले सम्पन्न गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिका वडा नं. ५ निवासी  तारा गिरीको घरमुनिको पहिरो नियन्त्रणका लागि थप रकम रु.२०००००।–(दुई लाख) भू-संरक्षण खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ र ७ को सिमानामा पर्ने लोक बहादुर बस्नेतको घरमुनिको पहिरो नियन्त्रणका लागि भू-संरक्षण खर्च शिर्षकबाट रु.५००००।–(पचास हजार) उपलब्ध गराउने निर्णय गरियो। |
| ७ | गुल्मीदरबार गाउँपालिका र रोटरी क्लवको लागत साझेदारीमा स्वास्थ्य शिविर सञ्चालनका लागि रु.३००००।–(तीस हजार) स्वास्थ्य शिविर सञ्चालन खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो। |
| ८ | गुल्मीदरबार गाउँपालिकालाई जिरो होम डेलिभरी, पूर्ण पोषण मैत्री गाउँपालिका र पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा कार्यक्रम मिति २०८२/०२/०३ गते गर्ने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिका र क्लथ एण्ड फूड बैंक नेपालको लागत साझेदारीमा कपडा बैंक स्थापना मिति २०८२/०१/२२ गते १०.३० बजे गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को ईश्वरी खड्कदेवी मन्दिर संरक्षणको लागि रु.२०००००।–(दुई लाख) विविध पूँजीगत खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| १२ | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा रहेको दुर्गा तरकारी नर्सरीको प्रबर्द्धनको लागि अध्यक्ष युवाउद्यम कार्यक्रमबाट रु.१०००००।–(एक लाख) र गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा रहेको गौरादी कृषि फर्मको प्रबर्द्धनको लागि अध्यक्ष युवाउद्यम कार्यक्रमबाट रु.५००००।–(पचास हजार) अनुदान उपलब्ध गराउने निर्णय गरियो । |
| १३ | गुल्मीदरबार गाउँपालिका वडा नं. १ मा सञ्चालन भएको प्रदेश समपुरक योजना टापु लुम्पेक औंडी टारी सडक स्तरोन्नतीको लागि छनौट भएको निर्माण व्यवसायीले काममा ढिलासुस्ति गरेको कारण समयमा सम्पन्न हुने नदेखिएको हुँदा पत्राचार गरी समयमा नै काम सम्पन्न गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो । |
| १४ | गुल्मीदरबार गाउँपालिकाको गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८१ तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरयो । |

## संशोधनका लागि तीन महले विवरण

| क्र सं. .. | दफा नं. | भएको व्यवस्था | संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | ६(१) (ख ( (३) | ➢ कृषि फर्म कृषक/ समूह कृषि सहकारीले/ कार्यक्रम माग गर्न सक्ने<br>➢ पुरानो बगैंचाको हकमा कृषि फर्मको लागि उत्पादन दिने ५० वटा फलफुलको बोट भएको हुनुपर्ने तथा कृषक समूह कृषि सहकारीको/ लागि उत्पादन दिने वटा फलफुलको १०० बोट हुनुपर्ने<br>➢ नयाँ बगैचा निर्माणको लागि कम्तिमा आँप र लिचिको हकमा ५० वटा र अन्य फलफूलको हकमा १०० वटा बिरुवा वा ३ रोपनी क्षेत्रफलमा बगैंचा विस्तार गर्नुपर्ने | ➢ संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्था<br>➢ कृषक/कृषि फर्म/कृषक समूह /कृषि सहकारीले कार्यक्रम माग गर्न सक्ने<br>➢ पुरानो बगैंचाको हकमा कृषि फर्मको लागि उत्पादन दिने ५० वटा फलफुलको बोट भएको हुनुपर्ने तथा कृषक समूह/कृषि सहकारीको लागि उत्पादन दिने १०० वटा फलफुलको बोट हुनुपर्ने<br>➢ नयाँ बगैचा निर्माणको लागि कम्तिमा आँप र लिचिको हकमा १५ वटा र अन्य फलफूलको ५० हकमा वटा बिरुवा वा ३ रोपनी क्षेत्रफलमा बगैंचा विस्तार गर्नुपर्ने | विनियोजित बजेटबाट प्रस्तावित मापदण्ड भित्र रही कार्यक्रम संचालन गर्दा पर्याप्त निवेदन पेश हुन नआएको र कृषकहरुको माग बमोजिम संशोधन गर्नु पर्ने भएकोले |
| २ | ८(क ( | क .गाउँपालिकाले कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार कम्तिमा कम्तिमा १५ दिनको म्याद राखी अनुसुची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ। | क. गाउँपालिकाले कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार कम्तिमा ७ दिनको म्याद राखी अनुसुची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ। | हाल सूचना प्रकाशन गरी कार्यक्रम संचालन गर्न ढिला हुने भएकोले |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत